

# अमूर्त साँस्कृतिक सम्पदा र लैङ्गिकता




© मिरियम जोली, २००९





© युनेस्को । ड्यान्सन सिमिन्यू

# अमूर्त साँस्कृतिक सम्पदा र लैङ्गिकता



© युमेमुरा युताका



© सा'इद आजादी



© फुमिको ओहिनाता

## लैङ्गिक पहिचानको निर्माण

समाज, समुदाय एवं समूहहरूकाबीचमा लैङ्गिकतासँग सम्बन्धित मूल्यमान्यता, आदर्श एवं नियमहरू फरकफरक हुन्छन् । कुनै पनि समुदायमा अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्तिहरूले विभिन्न लैङ्गिक समूहहरूकाबीच वा त्यस्ता समूहभित्र भूमिका र जिम्मेवारीहरूसँग सम्बन्धित ज्ञान तथा मान्यताहरूलाई बहन गर्ने तथा तिनको हस्तान्तरण गर्ने गर्दछन् । यस अर्थमा, लैङ्गिक भूमिका एवं पहिचानलाई आकार दिन र तिनको हस्तान्तरणका लागि अमूर्त साँस्कृतिक सम्पदा आफैमा एक सुविधायुक्त परिवेश हो । त्यसैले, अमूर्त साँस्कृतिक सम्पदा र लैङ्गिक पहिचानको निर्माण अकाट्य छन् ।

*परम्परागत पकवान विधि धेरैजसो समुदायमा महिलाहरूको भूमिका प्रधान हुने विधाभित्र पर्दछ । यस्तो प्रचलनको मुख्य कारण भनेको आमा र छोरीकाबीचको समाजिक सम्बन्ध हो जहाँ आमाले काम गर्दा छोरीले हेर्ने, सिक्ने र आमासँगसँगै काम गर्दछन् । विस्तारै यो विशिष्ट भूमिका ग्रहण गर्दै जाँदा र यहि काम दोहोऱ्याउँदै जाँदा महिलाका रूपमा त्यो उनीहरूको पहिचान बन्न पुग्छ ।*



©युनेस्को / ड्यान्सन सिमिन्यू



©२००८ संस्कृति मन्त्रालय –फोटोः आइरिस विस्कुपिक बेसिक



©२००८ संस्कृति मन्त्रालय –फोटोः आइरिस विस्कुपिक बेसिक

*ओमानका बेदौन समुदायहरूमा परम्परागत क्रियाकलापहरू र चाडपर्वमा ऊँटलाई खाडलमा राख्ने चलन छ । ऊँटको प्रजननसँग सम्बन्धित उपकरण तथा अन्य सरसामाग्रीहरू बनाउने शिल्पकर्ममा पुरुष र महिलाका आ-आफ्ना जिम्मेवारीहरू हुन्छन् । धेरैजसो बुन्ने काम महिलाहरूले गर्दछन् भने काठ खोप्ने, चाँदीको काम पुरुषहरूले गर्दछन् । यस्तै प्रकारको श्रम विभाजन क्रोएशियाका ह्वभात्स्को जागोर्जेमा गाउँलेहरूले परम्परागत रूपमा बच्चाका लागि काठका खेलौनाहरू बनाउँदा देखिन्छ । उनीहरूले पुस्तौँदेखि परिवारभित्रै हस्तान्तरण हुँदै आएको प्रविधि प्रयोग गर्दछन् । पुरुषहरूले विलो, लाइम, वीच, र म्यपल जस्ता नरम काठहरू संकलन गरी तिनलाई सुकाउने, छाँट्ने, काट्ने र परम्रागत औजारहरू प्रयोग गरी खेलौनाको आकारमा कुँद्ने काम गर्दछन् । त्यसपछि महिलाहरूले फूलहरू वा ज्यामितीय बान्कीमा आफ्नो 'कल्पनाबाट' तत्काल जे आउँछ सोही अनुसार ती खेलौनाहरूलाई सजाउने काम गर्दछन् ।*

अमूर्त साँस्कृतिक सम्पदाका विशिष्ट अभिव्यक्तिहरूसम्मको पहुँच एवं सहभागिता समेत लैङ्गिकताद्वारा निर्धारित भएको हुन्छ । उदाहरणका लागि, परम्परागत शिल्पकला प्रायः सम्मानित एवं लैङ्गिक भूमिकाहरू सहितको श्रमको खास विभाजनमा निर्भर रहन्छ ।

अर्कोतर्फ, सामाजिक प्रचलनहरू, चाडपर्वमा आयोजना गरिने क्रियाकलापहरू तथा प्रस्त कलाहरू, लैङ्गिक भूमिका र / वा असमानतासँग सम्बन्धित सवालहरू लगायत सम्बद्ध समुदायका समस्या तथा सामाजिक पूर्वाग्रहहरूलाई मञ्चन गर्ने अवसरहरू बन्न सक्छन् । उदाहरणका लागि थुप्रे आनन्दोत्सव परम्परा तथा प्रस्तुतिहरूमा मानिसहरूले धेरै भूमिकाहरूलाई बदल्ने एवं उल्लङ्घन गर्ने समेत गर्दछन् । यसरी, समुदायले लैङ्गिक भूमिकाकाबारेमा चेतना जगाउने, लैङ्गिक मूल्यमान्यताहरूका प्रतिबिम्बहरूलाई सहजीकरण गर्ने र कहिलेकाहीँ तिनलाई चुनौती दिने समेत गर्दछन् ।

## विकसित हुँदै गरेका लैङ्गिक भूमिका एवं सम्बन्धहरू

सामान्यतया मानव बाल्यावस्थाबाटै उसको लैङ्गिक भूमिका सिक्ने तथा त्यसमा समाहित हुने गर्दछ । तथापि, लैङ्गिक भूमिकाहरू स्थायी भने हुँदैनन् । अमूर्त साँस्कृतिक सम्पदाहरू जस्तै तिनीहरू पनि निरन्तर रूपमा परिवर्तन हुँदै गईरहेका हुन्छन् र नयाँ परिवेश अनुरूप रूपान्तरित हुँदै गईरहेका हुन्छन् । समुदायले उनीहरूका लैङ्गिक भूमिका एवं आदर्शहरूलाई समयाक्रममा 'सम्झौता' गर्दै आएकाछन् र धेरै जसो लिङ्ग-विशेष परम्पराहरू जुन विगतमा कुनै एउटा मात्रै लैङ्गिक समूहको विधा वा क्षेत्रभित्र पर्दथे, तिनीहरूलाई समुदायद्वारा अर्को लैङ्गिक समूहले समेत समेट्नका लागि खुला गरिएको पनि छ ।

अमूर्त साँस्कृतिक सम्पदाले लैङ्गिकतासँग सम्बन्धित मूल्य-मान्यता र आदर्शको निर्माण, प्रचारप्रसार र हस्तान्तरणमा महत्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि प्रचलनलाई परिवर्तन गर्ने उत्प्रेरणाका पछाडि व्यवहारिक कारणहरू हुन सक्छन्, जस्तो कि कुनै विशिष्ट खतराहरूको समाधान पत्ता लगाउनु ।



© युमेमुरा युताका

भियतनाममा चाउ भान भ्याँक्रीहरूले आफ्नो रिवाज अनुसारको गीत प्रस्तुत गर्दा महिला र पुरूषको लैङ्गिक भूमिकामा परिवर्तन गर्दछन् जहाँ पुरूषहरूको परम्परागत भूमिका, पोशाक र बोलीव्यवहारहरू महिलाका माध्यमबाट र महिलाको पुरूषका माध्यमबाट प्रस्तुत गरिन्छ । त्यसरी नै काबुकी भनिने जापानको परम्परागत नाट्यशालामा महिलाको भूमिकामा दक्षता हाँसिल गरेका पुरूष कलाकारहरूलाई 'ओनागाटा' भनिन्छ । दुईवटा अरू मुख्य भूमिकाहरू पनि हुन्छन्, जसलाई 'आरागोटो' (रफ स्टाइल) र 'वागोटो' (सफ्ट स्टाइल) भनिन्छ । तिनीहरूको विशेषता भनेको महिला पुरूष लैङ्गिक पद्धतिप्रति सवाल उठाउदै तिनीहरूको लैङ्गिक अस्पष्टता र लैङ्गिक भूमिकाहरूको उल्लङ्घनको संभावना हो । काबुकी नाटकमा ऐतिहासिक घटनाहरू र हृदयसँग सम्बन्धित नैतिक द्वन्द्वहरू प्रस्तुत गरिन्छ । अहिले जापानमा मञ्चन हुने परम्परागत नाटकहरूमा काबुकी नाटक सबैभन्दा लोकप्रिय नाटक बनेको छ ।



© युमेमुरा युताका

यो समान अवसरहरूको प्रबर्द्धन गर्ने सिद्धान्तमा आधारित पनि हुन सक्छ । लैङ्गिक आदर्शहरूले अमूर्त साँस्कृतिक सम्पदाको हस्तान्तरणमा प्रभाव पार्दछन् भने अमूर्त साँस्कृतिक सम्पदाले लैङ्गिक आदर्शहरूलाई प्रभाव पार्दछन् । त्यसैले लैङ्गिक आदर्श र अमूर्त साँस्कृतिक सम्पदाकाबीच आपसी सम्बन्ध रहेको हुन्छ ।

लैङ्गिकता सम्बन्धी परिवर्तनको अर्को तत्व यस प्रकारको सम्झौता प्रक्रियामा कसले प्रभाव पार्न सक्छ भन्ने सवालसँग सम्बन्धित छ । अमूर्त साँस्कृतिक सम्पदाको हस्तान्तरण एवं संरक्षणसँग सम्बन्धित निर्णय शुन्यतामा हुने होइन, यो लैङ्गिकता र शक्ति सम्बन्धको वृहत पद्धतिसँग अनोन्यास्रितरूपमा जोडिएको विषय हो । यी आदर्श एवं सम्बन्धहरूले व्यवहार, सम्बन्ध र सम्झौता प्रक्रियाहरूलाई नियमन गर्दछन् । वृहत सहभागिता र शक्ति सम्बन्धमा सन्तुलन ल्याउनका लागि समुदायभित्रैबाट यिनीहरूले बारम्बार सवाल उठाउदछन् ।

*साइप्रसमा सियात्तिस्ता भनिने 'काव्य-दोहोरी'को एउटा प्रचलन छ, जहाँ एक कवि गायकले मौखिक काव्यमा चलाखीपूर्वक अर्कोलाई हराउने प्रयत्न गर्दछ । सियात्तिस्ता लामो समय देखि वैवाहिक भोज, मेला र अन्य सार्वजनिक समारोहहरूको लोकप्रिय अंगका रूपमा रही आएको छ, जहाँ उत्साही भीडले आफनो कलामञ्चन गर्नका लागि कविहरूलाई प्रोत्साहित गर्दछन् । परम्परादेखि पुरूषहरूले मात्रै मौखिक काव्यलाई हस्तान्तरण गर्दै आएको भएता पनि हालैका दिनहरूमा केही महिला कविहरूले पनि प्रस्तुति दिन थालेका छन् ।*




© २००३ लार्नासा नगरपालिका –फोटोः आन्द्रेयास लार्कोस



© २००३ लार्नासा नगरपालिका –फोटोः आन्द्रेयास लार्कोस



© २००५ ICHHTO को अनुसन्धान केन्द्र स्थित परंपरागत कला विभाग
फोटो: साइद आजादी



© २००५ ICHHTO को अनुसन्धान केन्द्र स्थित परंपरागत कला विभाग
फोटो: नविउल्लाह जियाची

*समाजका सबै तहमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको इरानको सबैभन्दा पुरानो मानिने नाट्य मञ्चनको एउटा स्वरूप नक्काली कथावाचन हस्तान्तरणमा लैङ्गिक भूमिका परिवर्तन भएको छ । महिलाहरूले केवल महिला दर्शकहरूका लागि मात्रै प्रदर्शन गर्ने गरेकोमा हिजोआज महिला नक्वालहरूले मिश्रित दर्शकहरूका लागि समेत प्रस्तुतिहरू दिन थालेका छन् जसलाई इरानमा सामान्यरूपमा लिइदैंन । हालैका दिनसम्म पनि लोककथा, जातजातिका महाकाव्य र इरानी साँस्कृतिक परम्पराहरूका महत्वपूर्ण अभिभावकका रूपमा मानिने नक्वालहरू जसका कारण उनीहरूलाई विशिष्ट सामाजिक स्तर प्राप्त भएको थियो, त्यो अब महिलाहरूको समेत पहुँचमा पुगेको छ ।*

## लैङ्गिक अवधारणाको विविधता

अमूर्त साँस्कृतिक सम्पदा एक समुदायबाट अर्कोमा फरक भए जस्तै लैङ्गिक अवधारणामा पनि विविधता हुनसक्छ । लैङ्गिकताको विश्वव्यापी एउटै बुझाइ छैन । त्यसमा पनि लैङ्गिक भूमिका तथा मूल्यहरूलाई सामुदायिक दृष्टिकोणबाट विश्लेषण गर्नुपर्छ । उदाहरणका लागि उत्तर अमेरिकाका केही रैथाने आदिवासी समूहहरूले तेस्रोलिंगी र दुईवटा आत्मा भएका लगायत सातवटासम्म लैङ्गिकतालाई मान्यता दिएका छन् । विभिन्न युरोपेली र एशियाली समाजमा आज तीन वा सो भन्दा बढी लैङ्गिक समूहलाई मान्यता दिइएको छ । उमेर र लैङ्गिकता प्रायः एकअर्कासँग निकटरूपमा जोडिएकाछन्, उदाहरणका लागि बालबालिकाहरूसँग सम्बन्धित लैङ्गिक आदर्श एवं अपेक्षाहरू किशोरकिशोरीहरू र प्रौढको हकमा लागू हुनेभन्दा फरक हुन्छन् । जब समाजमा लैङ्गिक भूमिका र मूल्यहरू विकसित हुँदै जान्छन्, यस क्रममा आउने परिवर्तनले अमूर्त साँस्कृतिक सम्पदाको अभ्यास र अभिव्यक्तिलाई पनि सोही अनुसार अनुकुल हुने दिशामा डोऱ्याउन सक्छन् ।

## लैङ्गिक समानता

समुदायका लैङ्गिक सम्बन्धहरू निरन्तर रूपमा विकास हुँदै जाँदा, तिनीहरूले अमूर्त साँस्कृतिक सम्पदा अभ्यासका माध्यमबाट लैङ्गिक समानता तर्फ अघि बढ्ने तथा लैङ्गिकताका आधारमा हुने विभेदलाई परास्त गर्ने अवसर सृजना गर्दछन् । समानता र विभेदको अन्त्य मानव अधिकारका सारभूत सिद्धान्तहरू हुन् । लैङ्गिक समानता र अमूर्त साँस्कृतिक सम्पदालाई ध्यानमा राख्दै मानव अधिकारवादी दृष्टिकोणले लैङ्गिक भूमिकामा रहेका विविधताहरूमा नभई कतै तिनीहरूले ती भूमिकासँग सम्बद्ध व्यक्तिहरूको आत्मसम्मान र समृद्धिलाई अस्वीकार त गर्दैनन् भन्ने विषयमा केन्द्रित हुन्छ । महिलाविरूद्ध हुने भेदभावको अन्त्य सम्बन्धी महासन्धिले परम्परागत साँस्कृतिक प्रवृत्ति एवं प्रचलन आफैमा - वा पुरूष र महिलाका लागि तोकिएका विभिन्न भूमिकाहरू — लाई चुनौतिका रूपमा लिदैन बरू तिनीहरूबाट आउन सक्ने विशिष्ट नकारात्मक परिणामहरू, जस्तै महिलाहरूलाई सशक्तिकरण हुन नदिन वा अन्यप्रकारले उनीहरूको अभिरूचीमा हानी पुर्‍याउनका लागि पारम्पारिक भूमिकाहरूको प्रयोग गर्दा आउन सक्ने नकरात्मक परिणामहरूलाई चुनौतिका रूपमा लिएको छ ।

त्यसैले, गैरविभेदका दृष्टिकोणबाट विभेद र कसैलाई तल पार्ने कुरा समावेश गर्ने र त्यसलाई प्रबर्द्धन गर्ने परम्परागत साँस्कृतिक प्रचलनहरूका त्यस्ता पक्षहरूलाई 'संरक्षण' गर्नुपर्छ भन्ने माग / दावीको वैधानिकतामाथि प्रश्न उठाउनु उचित हुन्छ । यस्ता माग/दावीहरूलाई यस्ता प्रचलनहरूबाट सीमान्तकृत हुने वा सशक्तिकरण हुन बाधा पुग्नेहरूको अधिकारका आधारमा मापन गरिनु पर्दछ । मानव अधिकारका दृष्टिकोणबाट पक्कै पनि निश्चित प्रचलनहरू स्वीकार्य हुँदैनन्, तर थुप्रै यस्ता पनि हुन्छन्, जो कानूनी तथा वैज्ञानिक नीतिनियमबाट निश्चित रूपले स्पष्ट नगरिएको क्षेत्रमा रहेका हुन्छन् र जसमा तिनले व्यक्तिलाई पुर्‍याउने हानीको मात्रा पत्ता लगाउनु अत्यन्तै जटिल हुन सक्छ । यसले कसले र कतिवेला यसको निर्धारण गर्ने भन्ने कठिन सवाल समेत उठाउँदछ । गैरविभेदको सिद्धान्त र सामुदायिक समृद्धिको स्वार्थमा अडिग रहँदै सीमान्तकृत र / वा लैङ्गिकविभेदमा परेका समूहहरू लगायत सम्बद्ध सबै सरोकारवालाहरूलाई संलग्न गर्नुपर्छ । अर्कोतर्फ, यी सामाजिक समूहहरू आफैँले पनि विभेदकारी परम्परागत प्रचलनहरूलाई सहयोग गरिरहेका र तिनलाई प्रोत्साहित गरिरहेका पनि हुनसक्छन् । यसो हुनुको कारण प्रचलनहरू प्रायः गरेर सामाजिक कार्यहरूसँग सम्बन्धित हुनु हो र यसले लैङ्गिक गतिशिलताको बुझाईका महत्वलाई जोड दिन्छ । प्रचलन आफैले मानव अधिकार उल्लंघन गरिरहँदा पनि त्यसले महत्वपूर्ण सामाजिक काममा भने सघाउ पुर्‍याइ रहेको हुन सक्छ ।



© २०१३ साँस्कृतिक सम्पदा प्रशासन

*माएन्देलियो या वानावकी नामक केन्याली महिलाहरूको संगठनले किशोरावस्थाबाट युवावस्थामा प्रवेश गर्दा आयोजना गरिने संस्कार अन्तर्गत महिलाहरूको जनेन्द्रिय अङ्ग छेदन गर्ने प्रचलन रहेको समुदायसँग काम गरी यस सँस्कारका सकारात्मक सामाजिक-साँस्कृतिक पक्षहरूलाई कायम राख्दै यसका वैकल्पिक उपायहरूको विकास गर्न समुदायलाई साथ दिइरहेको छ । महिला संगठनले आमा, बालिका, बाबु र समुदायका नेताहरूलाई भेटेर तिनीहरूबाट यस्तो प्रचलनलाई परिवर्तन गर्नुपर्छ या पर्दैन र यदि पर्छ भने कसरी परिवर्तन गर्न सकिएला भनेर सरसुझावहरू संकलन गरेकाछ । उनीहरूले परम्परागत रूपमा मनाइने उमेर पुगेको समारोहलाई - एकान्तवास, जानकारीहरू बाँड्ने र मनाउने - लगायत सबै पक्षहरू समेट्ने तर जनेन्द्रिय छेदन नगर्ने गरी वैकल्पिक संस्कार समेत तयार पारे । यो अहिले त्लानिरा ना मुगाम्वो अर्थात् 'शब्दको छेदन'का रूपमा जानिन थालेको छ । केन्याको मेरूमा पहिलो पटक यो सँस्कारको शुरूवात गर्दा केवल १२ परिवारका जम्मा ३० जना महिलाहरूले मात्र एकान्तवासमा सहभागिता जनाएका थिए । धेरैजना यो वैकल्पिक उपायप्रति सशंकित थिए, उनीहरूलाई यो चाँडैनै हराएर जान्छ भन्ने लागेको थियो । तथापि, यो उत्सवले धेरैको ध्यान आकर्षित गर्न पुग्यो र पछिपछि त माएन्देलियो या वानावकीले उत्साहित व्यक्ति एवं समुदायबाट जिज्ञासाहरू समेत प्राप्त गर्न थाल्यो । एक वर्षभित्रै, मेरूका विभिन्न ११ स्थानका २०० परिवारले यो वैकल्पिक सँस्कारमा सहभागी भए ।*[१]

अमूर्त साँस्कृतिक सम्पदामा लैङ्गिक विभेदको कुरा गर्दा एउटा मात्रै लैङ्गिक समूहले यस्ता अभ्यासहरू गर्दछन् भन्ने जस्ता अति सामान्यकृत दृष्टिकोणहरूलाई हटाउनका लागि अत्यन्तै सावधान हुनु जरूरत छ । विश्वव्यापी रूपमा अधिकांश नभए पनि धेरै जसो समाजमा उल्लेखनीय संख्यामा सामाजिक एवं साँस्कृतिक प्रचलनहरूलाई (उमेर, लिंग र अन्य मापदण्डका आधारमा) छुट्याइने गरिएको वास्तविकता हो र कुनै खास समाजमा मात्रै विभेद भइरहेको जनाउन सो प्रचलनलाई मात्रै एकल रूपमा प्रस्तुत गर्नु पनि हुँदैन । लैङ्गिकतामा आधारित विश्लेषणका माध्यमबाट मात्रै समुदायले उनीहरूको अमूर्त साँस्कृतिक सम्पदा –सामाजिक प्रचलन, रीतिरिवाज, विधिविधान, मौखिक परम्परा आदि – वास्तवमा विभेदयुक्त छ या छैन भनी पत्ता लगाउन सक्छन् । अपितु, विभेदकारी पक्षहरूका लागि लैङ्गिक भेद नै संलग्न हुन्छ भनेर पहिचान गर्नु आवश्यक छैन ।

मानव अधिकारप्रतिको प्रतिबद्धतालाई अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि (यसपछि महासन्धि मात्रै भनिने) मा स्पष्टसँग उल्लेख गरिएको छ, जसले अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरू अनुकूल हुने अमूर्त साँस्कृतिक सम्पदाहरूलाई मात्रै महासन्धिको कार्यक्षेत्रभित्र विचार गरिने कुरालाई दृढता पुर्वक व्यक्त गरेको छ (धारा २.१) ।

---

१ माएन्देलियो या वानावकी संगठन. २००२. महिला जनेन्द्रिय अंगोच्छेदन प्रचलन अन्त्य गर्ने प्रयासको मूल्यांकन । केन्यामा चेतना अभिवृद्धि एवं हानिकारक मान्यताहरूको परिवर्तन, वासिंटन डीसीः पीएटीएच

## संरक्षणमा लैङ्गिकता

लैङ्गिक सम्बन्ध र अमूर्त साँस्कृतिक सम्पदाकाबीच घनिष्ठ सम्बन्धको बुझाइले प्रभाकारी संरक्षणका लागि नयाँ मार्गहरू खोल्न सक्छ । संरक्षणमा समुदायको केन्द्रिय भूमिकालाई दिइने महत्व यस सन्दर्भमा एक सारभूत अवसर हो । समुदाय र समूहहरू एकैनासको नहुने भएकाले, लैङ्गिक सोचविचारलाई राम्रोसँग ध्यानमा राख्दै कर्ताहरूको विविधता र विशिष्ट अमूर्त साँस्कृतिक सम्पदाहरूका सम्बन्धमा तिनीहरूको भूमिकाको पहिचान गर्नु महत्वपूर्ण हुन्छ । अन्यथा, प्रभावकारी संरक्षणका नयाँ संभावनाहरू अदृष्य एवं नसमेटिएका जोखिमहरूमा पर्न सक्छन् ।

लैङ्गिकता र अमूर्त साँस्कृतिक सम्पदाले जटिल र केही हदसम्म एकआपसमा क्रियान्वयन, अभ्यास, हस्तान्तरण आदिका माध्यमबाट अन्तरक्रिया गर्दछन् । त्यसैले, संरक्षण विधिहरूले लैङ्गिक सम्बन्धलाई प्रभाव पार्ने, र समुदाय र त्यसका व्यक्तिगत सदस्य वा समुदाय अन्तर्गतका समूहहरूको स्तर र पहिचानलाई सबल एवं कमजोर बनाउने दुवैथरि काम गर्ने संभावना हुन्छ ।

महासन्धिले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा संरक्षणका धेरै उपायहरूको परिकल्पना गरेको छ । राष्ट्रिय स्तरमा अमूर्त साँस्कृतिक सम्पदाको पहिचान गर्ने तिनीहरूको विवरणसूची तयार गर्ने, संस्थागत, नीतिगत एवं कानूनी प्रारूप स्थापना गरी संरक्षण योजना, अनुसन्धान एवं चेतना अभिवृद्धि तथा शैक्षिक प्रयासहरूको विकास गर्ने लगायत पर्दछन् । त्यसरी नै अन्तर्राष्ट्रिय स्तरमा, पक्षराज्यहरूले संरक्षणका लागि अन्तर्राष्ट्रिय सहायताको अनुरोध गर्न सक्ने तथा महासन्धिको सूचीमा सूचीकृत गर्नका लागि मनोनयन वा संरक्षणका उत्तम अभ्यासका रूपमा दर्ता गर्नका लागि प्रस्तावहरू पेश गर्न सक्नेछन् ।

## *पहिचानमा लैङ्गिकता*

महासन्धि कार्यान्वयनको एउटा मुख्य मुद्दा भनेको अमूर्त साँस्कृतिक सम्पदा (पुनः) सृजना तथा संरक्षणमा महिलाहरूले पुऱ्याएको योगदानलाई अदृष्य पारिनु हो । समाजका सीमान्तकृत सदस्यहरूको हकमा पनि यही कुरा लागू हुन्छ, जसको योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सायदै मान्यता दिइएको छ ।[२] सीमान्तकृत लैङ्गिक समूहले कहिलेकाहीँ अमूर्त साँस्कृतिक सम्पदा क्रियान्वयन गर्ने स्थलरू मात्रै त्यस्ता सामाजिक स्थलहरू हुन् जहाँ समाजले उनीहरूलाई उनीहरूका अमूर्त साँस्कृतिक सम्पदा अभ्यास गर्ने अनुमति दिन्छ । त्यसैले, राष्ट्रिय स्तरमा अमूर्त साँस्कृतिक सम्पदाको पहिचान गर्ने काममा निश्चित लैङ्गिक समूहहरूका सम्पदाहरूलाई बेवास्ता गरिने जोखिम रहन्छ ।

*अष्ट्रेलियाका आदिवासी महिलाहरूले स्थापना गरी उनीहरूकै नेतृत्वमा सञ्चालित 'द वान्यी वुमनस हिस्ट्री प्रोजेक्ट' नामक मौखिक इतिहास सम्बन्धी परियोजना उनीहरूका लागि सान्दर्भिक हुनसक्ने सम्पदालाई पहिचान गर्ने तथा सम्पदा पहिचान र व्यवस्थापनका लैङ्गिक तथा अन्य पूर्वाग्रहहरूलाई सम्बोधन गर्ने कुरामा केन्द्रित थियो । महिलाहरूलाई लागेको थियो कि उनीहरूको सम्पदासँग सम्बन्धित सरोकारहरूलाई सरकारी योजनामा पर्याप्त ध्यान वा वैधानिकता दिइएको छैन । उनीहरूले आफ्नो सम्पदाको भविष्यका बारेमा गरिने सम्झौतामा उनीहरूको आवाज सुनियोस् भनी रणनीति बनाए र मान्यता प्राप्त गर्न समेत सफल भए ।*[३]

२. Document ITH/13/8COM/INF.5.c.

३. स्मीथ, एल., मोर्गन, ए. र भ्यान ड मीर, ए. २००३. कम्युनिटी-ड्रिभेन रिसर्च इन कल्चरल हेरिटेज म्यानेजमेन्टः द वान्यी वीमेनस् हिस्टोरि प्रोजेक्ट। इन्टरनेशलन जर्नल अफ हेरिटेज स्टडीज, अंक ९, संख्या १.




© युनेस्को –फोटो: फुमिको ओहिनाता

### *विवरणसूची निर्माणमा लैङ्गिकता*

यसैगरी अमूर्त साँस्कृतिक सम्पदाको विवरणसूची तयार गर्ने एवं सम्बन्धित अनुसन्धान तथा अभिलेखहरू बनाउँदा महिला तथा सीमान्तकृत समुदायले अमूर्त साँस्कृतिक सम्पदामा पुऱ्याएको योगदानप्रति मौन रहने या गलत ढंगले प्रतिनिधित्व गर्ने खतरा समेत रहन्छ । महासन्धिका अनुसार विवरणसूचीको निर्माण सम्बद्ध समुदायको पूर्ण संलग्नतामा गर्नुपर्दछ । त्यसकारण, समुदायमा आधारित विवरणसूची निर्माणका लागि प्रदान गरिने तालिम तथा सहयोगमा समुदायको संलग्नता लैङ्गिक हिसाबले कत्तिको पूर्ण प्रतिनिधिमूलक छ वा छैन भन्ने कुरालाई ध्यानमा राख्नु आवश्यक छ । यो प्रक्रियाका माध्यमबाट अमूर्त साँस्कृतिक सम्पदाको वृहतस्तरको पहिचान गर्न सकिन्छ र हस्तान्तरण तथा संरक्षणसँग सम्बन्धित लैङ्गिकतामा आधारित निश्चित धारणाहरूलाई स्पष्ट पार्न सकिन्छ ।

### *संरक्षण योजनामा लैङ्गिकता*

अमूर्त साँस्कृतिक सम्पदाका लागि संरक्षण योजनाको निर्माण एउटा निर्णायक क्षण हो जसले विशिष्ट अमूर्त साँस्कृतिक सम्पदाका भावी अभिव्यक्तिहरूलाई प्रभाव पार्दछ । समुदायले खास प्रचलनको अर्थ, यसमाथि आइपरेका जोखिम एवं खतरा, तिनीहरूलाई सम्बोधन गर्ने रणनीति एवं कार्यवाहीहरू र सम्बद्ध मानवीय तथा वित्तीय स्रोतहरूकाबारेमा ध्यान दिन्छन् । यो प्रक्रिया समुदायका सबै सदस्यहरूकालागि लाभदायक बनोस् भन्नकालागि फरक उमेर तथा लैङ्गिक समूहका आवाजहरूलाई समेत ध्यानमा राख्नुपर्छ । सबैभन्दा पहिला समुदाय आफैले लैङ्गिकता र लैङ्गिक भूमिका एवं सम्पदासँगको त्यसको सम्बन्धकाबारेमा उनीहरूको बुझाइलाई प्रष्टसँग राख्नु पर्दछ । सरकारी अधिकारी, नागरिक समाज, प्राज्ञिक संस्था र अनुसन्धान समुदायले लैङ्गिक दृष्टिकोणलाई संरक्षणमा कसरी एकीकृत गर्ने भन्ने

बारेमा आफ्ना विचार एवं विधिसँग सम्बन्धित ज्ञान प्रदान गर्न सक्छन् । यसको एउटा महत्वपूर्ण तत्व भनेको समुदाय भित्र र बाहिरका सम्बद्ध व्यक्तिहरूले लैङ्गिक भूमिका एवं लैङ्गिकतासँग सम्बन्धित विशिष्ट उपायहरूसहित विभिन्न भूमिका एवं उपायहरूको कदर गर्नु हो जसले एउटा सफल संरक्षण योजनामा योगदान पुऱ्याउन सक्छन् ।

## *नीति निर्माणमा लैङ्गिकता*

लैङ्गिकता र अमूर्त साँस्कृतिक सम्पदाकाबीच रहेको आपसी सम्बन्धका आधारमा अमूर्त साँस्कृतिक सम्पदाका लागि नीति निर्माण गर्ने हो भने, संरक्षण नीति निर्माणमा सम्बद्ध सबै लैङ्गिक समूहहरू लगायत विविध आवाजहरूको सक्रिय सहभागिताको सुनिश्चित गर्नुपर्छ । यो काम समुदायका केही सदस्य र बाह्य विज्ञहरू वा राज्यका निकायहरूको हातमा छोडिदिनु जोखिमपूर्ण हुन्छ । यसका साथै नीतिनिर्माणले महासन्धिको (धारा २.१) अनुसार अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणमा मानव अधिकार (लैङ्गिक समानता सहित)का सिद्धान्तहरू, दिगो विकास र आपसी सम्मानलाई अगाडि बढाउने उपायहरूको प्रबर्द्धन गर्नुपर्छ र चेतना अभिवृद्धिसँग सम्बन्धित कार्यवाहीहरूले 'कुनै पनि प्रकारका राजनैतिक, सामाजिक, धार्मिक, भाषिक वा लिङ्गमा आधारित भेदभावहरूलाई न्यायसंगत ठहऱ्याउने' (कार्यसञ्चालन निर्देशिका १०२) काममा योगदान दिनेछैनन् भनी सुनिश्चित गनपर्दछ । लैङ्गिक समानतासँग सम्बन्धित CEDAW एवं यसका अप्सनल प्रोटोकल[४] जस्ता



© २०१३ साँस्कृतिक मामिला नियोग



© २०१२ फिरोज मोहमद –फोटोः मुर्सिद अनवर

अन्तर्राष्ट्रिय कानूनी औजारहरू उपयोगी-सन्दर्भ सामाग्री हुनसक्छन् । यसका अतिरिक्त, नीति बनाउने कार्य समावेशी र प्रभावकारी हुनकालागि, राज्यको भूभागमा रहेका लैङ्गिकतासँग सम्बन्धित अभ्यासहरूको विविधतालाई ध्यानमा राख्नु आवश्यक हुन्छ ।

४. महिला विरूद्ध हुने सबैखाले भेदभाव उन्मूलनका लागि अन्तर्राष्ट्रिय महासन्धिका लागि http://www.ohchr.org/EN/HRBodies/CEDAW/Pages/CEDAWIndex.aspx.

## *अन्तर्राष्ट्रिय सूचीकरणमा लैङ्गिकता*

गएको दशकमा सूचीकरणसँग सम्बन्धित अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि अन्तरसरकारी समितिका बहस एवं निर्णयहरूमा लैङ्गिकतासँग सम्बन्धित सन्दर्भहरू प्रदान गरिने प्रचलन बढेकोछ । केही मनोनयन फाइलहरूमा लैङ्गिक भूमिकाका विवरणहरू समावेश गरिएको छ भने सल्लाकार निकायहरूले उक्त मनोनयनहरूमा लैङ्गिकताको विषय पर्याप्त नभएको भनी सरोकार देखाएकाछन् । यसकासाथै, उनीहरूले पक्षराज्यहरूलाई लैङ्गिकताप्रति उचित ध्यान दिँदै विशिष्ट अमूर्त साँस्कृतिक सम्पदाका सम्बन्धमा विभिन्न कर्ताहरू र उनीहरूको भूमिकालाई वर्णन गर्न प्रोत्साहित गरेका छन् ।[५]

## लैङ्गिक मूलप्रवाहीकरण

महासन्धिको पाठमा लैङ्गिकताकाबारेमा प्रष्टसँग उल्लेख नगरेको भएपनि, नियामक निकायहरूले लैङ्गिकता सम्बन्धी सवालहरूमा बढ्दोमात्रामा ध्यान दिइरहेका छन्, र पक्ष राज्यहरूलाई सूचीकृत सम्पदा-तत्वहरूको स्थितिकाबारेमा प्रतिवेदन पेश गर्दा लैङ्गिकताको भूमिकाप्रति विशेष ध्यान पुऱ्याउन अनुरोध गरेका छन् ।[६] उनीहरूको अनुरोधपछि अन्तर्राष्ट्रिय सहायता संयन्त्रहरू तथा पक्षराज्यहरूले महासन्धि कार्यान्वयनका विषयमा पेश गर्ने आवधिक प्रतिवेदनहरूमा अहिले लैङ्गिकतासँग सम्बन्धित सन्दर्भ राखिएकोछ र महासन्धिको कार्यसञ्चालन निर्देशिका पनि सोही अनुसार संसोधन गरिएकोछ । यसका अतिरिक्त महासन्धि कार्यान्वयनका लागि युनेस्कोको विश्वस्तरीय क्षमता अभिवृद्दि कार्यक्रममा संरक्षणका लागि लैङ्गिक-उत्तरदायी कार्यपद्धतिसँग सम्बन्धित तालिम एवं नीतिगत सुझाव समावेश गरिएको छ ।

लैङ्गिकता र अमूर्त साँस्कृतिक सम्पदाकाबीच रहेको सम्बन्धलाई बुझ्नु प्रभावकारी संरक्षणका लागि दुई प्रकारले महत्वपूर्ण हुन्छ : यसले संरक्षणका लागि नयाँ मार्ग खोल्न सक्छ र लैङ्गिक समानताका दिशामा अगाडि बढेका पाइलाहरूलाई सुदृढ बनाउन सक्छ । त्यसैले, संरक्षणमा लैङ्गिक मूलप्रवाहीकरण एउटा अवसर मात्रै नभएर नैतिक अपरिहार्यता पनि हो ।

*द नेशनल काउन्सिल फर वुमनले ट्याली गर्ने कलाको अभिलेख राख्न र माथिल्लो इजिप्टका महिलाहरूलाई यसको संरक्षणका लागि तालिम प्रदान गर्नका लागि मद्दत गर्न इजिप्सीयन सोसाइटी फर फोक ट्र्याडिसन नामक एक गैरसरकारी संस्थालाई कार्यभार सुम्पियो । पहिलो तालिम कार्यक्रममा ३०० भन्दाबढी महिलाहरूले भाग लिए, पछि दोस्रो तालिम पनि आयोजना गरियो । यो अभ्यासमा महिलाहरूले देखाएको तीव्र रूचीका कारण उनीहरूकालागि महत्वपूर्ण तर अत्यन्तै जोखिममा परेको अमूर्त साँस्कृतिक सम्पदा पुनर्जीवीकरण गर्नेतर्फ उनीहरूलाई डोऱ्यायो ।*




५. Document ITH/13/8COM/7.

६. Decision 9.COM 13.a in Document ITH/14/9COM/Decisions.



© २०१३ गणतन्त्र काजकस्तान, संस्कृति तथा सूचना मन्त्रालय







अमूर्त
साँस्कृतिक
सम्पदा

ICH

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी साँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

© मिरियम जेगान, २००९